आज मिति २०७७ साल भाद्र ०३ गते बुधवारका दिन जिल्ला प्रशासन कार्यालय सिरहाका प्रमुख जिल्ला अधिकारी श्री प्रदीपराज कणेलको अध्यक्षतामा COVID-19 नियन्त्रण तथा रोकथामको लागि गठित जिल्ला स्तरिय COVID Crisis Managemnet Center को बैठक बसी देहायका विषयमा छलफल गरी तपसिल बमोजिम निर्णय गरियो ।

**विशेष उपस्थिती (सल्लाहकार) :**

समन्वय प्रमुख, श्री रामचन्द्र ठाकुर, जिल्ला समन्वय समिति, सिरहा
नगर प्रमुख, श्री अशेश्व प्रसाद यादव, सिरहा नगरपालिका, सिरहा ।
अध्यक्ष, श्री शैलेन्द्र ठाकुर , सिरहा अस्पताल विकास समिति

**उपस्थिति:**

१. प्रमुख जिल्ला अधिकारी, श्री प्रदीपराज कणेल, जिल्ला प्रशासन कार्याल, सिरहा - संयोजक
२. प्रमुख सेनानी, श्री जितेन्द्र कुमार गौली, शेरगण चोहर्वा व्यारेक
३. प्रहरी उपरिक्षक, श्री उमा शंकर पंजियार, जिल्ला प्रहरी कार्यालय, सिरहा
४. सशस्त्र प्रहरी उपरिक्षक, श्री दिपेन्द्र गिरी, सशस्त्र प्रहरी बल नेपाल नं. ७ गण हे.क्वा., सिरहा
५. उप.अनु.निर्देशक, श्री रमेशचन्द्र यादव, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, सिरहा
६. समन्वय अधिकारी, श्री शिवेन्द्र कुमार मण्डल, जिल्ला समन्वय समिति, सिरहा
७. प्रमुख, श्री कृष्णदेव यादव, स्वास्थ्य कार्यालय, सिरहा
८. मे.सु., डा. नागेन्द्र प्रसाद यादव, जिल्ला अस्पताल सिरहा
९. सभापति, श्री राजदेव यादव, नेपाल रेडक्रस सोसाइटी, सिरहा
१०. अध्यक्ष, श्री प्रमोद कुमार पौद्दार, उद्योग वाणिज्य संघ, सिरहा
११. प्रतिनिधि, देव कुमार यादव, पत्रकार महासंघ, सिरहा

**बैठकको कारवाही एवम निर्णयहरु:**

१. कोभिड-१९ व्यवस्थापनको सिरहाको हालको अवस्था देहाय अनुरुप रहेको व्यहोरा अवगत भयो ;

| जिल्ला | चेकजाँच गरेको संख्या | फिर्ता गरेको संख्या | जिल्लामा रहेका क्वारेन्टाईन स्थलको संख्या | क्वारेन्टाईन वेड संख्या | क्वारेन्टाईन | | | क्वारेन्टाईनवाट फर्ता गरेको संख्या | आईसोलेसन वेड संख्या | आईसोलेसन | | | आईसोलेसनवाट फिर्ता गरिएको संख्या | स्वाब संकलन गरिएका व्यक्तिको संख्या | स्वाब परिक्षण भएका व्यक्तिको संख्या | जम्मा संक्रमित | उपचार्थ | निको भएका | PPE को संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पु. | म. | ज. | | | पु. | म | ज. | | | | | | | | |
| सिरहा | ९ | ० | २४ | १६७२ | ५०७ | १२ | ५१९ | ६३४१ | २०५ | ५७ | ५ | ६२ | २१० | ५८४७ | ५३४८ | २९८ | ६२ | २१० | ३८३५ | २४ जालाई आईसोलेसनमा ल्याउने प्रकृयामा रहेको |

२. यस अघि भएका निर्णय सम्वद्ध सवै स्थानीय तहले आ-आफ्नो स्थानीय तहमा र विषयगत निकायले तत् विषयमा समन्वयात्मक रुपमा काम गरी भए गरेको दैनिक प्रगति प्रतिवेदन गर्न सबै (१७) स्थानीय तह र विषयगत निकायमा अनुरोध गर्ने ।

३. सिरहा जिल्लामा कोभिड-१९ को सक्रमण जोखिम न्यूनीकरणका लागि भईरहेको व्यवस्थापनमा देहायका कार्यलाई प्राथमिकतामा राखी संचालन गर्ने ;

(क) क्वारेन्टिन : हरेक स्थानीय तहले बाहिरवाट आउनेलाई क्वारेन्टिनमा राख्न लगाउने र क्वारेन्टिनको संचालन मापदण्ड र प्रोटोकल अनुरुप संचालन गर्ने।

जस्तै :

- क्वारेन्टिनको कोठा, शौचालय र परिसरको पूर्ण सरसफाई।
- बस्ने कोठा, पलङ, ओढ्ने ओच्छयाउने, झुल तथा नीजि प्रयोगका सामानहरु (ब्रस मञ्जन इत्यादी)।
- विद्युत तथा पंखाको व्यवस्था।
- शुरुमा आउने र त्यसपछि आउनेलाई दुरी कायम गरी छुट्टा छुट्टै राख्ने व्यवस्था।
- आवश्यक स्वास्थ्यकर्मी तथा चिकित्सकको परामर्शमा आवश्यक औषधीको व्यवस्था।
- कोभिड-१९ संक्रमण भए नभएको परीक्षण गर्न आवश्यक सहयोग एवं समन्वय तथा रेफर गर्नु पर्ने भए तत् सम्वन्धी व्यवस्था।
- उपलब्ध भए सम्म इन्टरनेटको व्यवस्था तथा CCTV जडान गरी स्वास्थ्यकर्मी एवं सुरक्षाकर्मीवाट अनुगमन गर्ने व्यवस्था।
- क्वारेन्टिन परिसरको सुरक्षा व्यवस्थापन, सुरक्षा निकायसँग समन्वय।
- दैनिक अभिलेख तथा प्रतिवेदन गर्ने।

(ख) आईसोलेसन :

- विषयगत निकायले मापदण्ड बमोजिम संचालन गर्ने।
- चेकजाँच तथा आवश्यक लजेस्टिक र औषधोपचारको व्यवस्था मिलाउने।
- अन्तर निकाय समन्वय स्थापित गर्ने
- अभिलेख व्यवस्थापन तथा प्रतिवेदन गर्ने।
- नेपाल रेडक्रस सोसाइटीको चोहर्वा स्थित भवनमा थप आईसोलेसन सिरहा अस्पतालले संचालन गर्न सो भवन परिसरमा पानी नभएको हुँदा भूमिगत जलश्रोत तथा सिंचाई विकास डिभिजन लहानलाई अनुरोध गरी श्रीमान् प्रमुख सचिव ज्यू (प्रदेश सरकार, प्रदेश नं. २) मा बोधार्थ /सहयोगार्थ अनुरोध गर्ने।

(ग) शव बाहन :

नेपाल रेडक्रस सिरहाको पुरानो एम्बुलेन्सलाई शव बाहनमा परिणत गरी संचालनमा ल्याउने मिति २०७७।०४।३२ को निर्णय अनुरुप तुरुन्त व्यवस्थापन गर्ने। यसमा चाहिने चालक सिरहा अस्पतालले मासिक ज्यालादारीमा राखि स्वास्थ्य सुरक्षा अवलम्वन गर्ने।

(घ) शव ब्यवस्थापन :

२०७७।०४।२५ को निर्णय अनुरुप देहायका स्थानीय तहले शव गाड्ने/व्यवस्थापन गर्ने स्थान र चौहदी खुलाई पठाउन पुनः ताकेता गर्ने।

श्री कर्जन्हा नगरपालिकाको कार्यालय,<br>
श्री धनगढीमाई नगरपालिकाको कार्यालय<br>
श्री गोलबजार नगरपालिकाको कार्यालय<br>
श्री लहान नगरपालिकाको कार्यालय।

४. गृह मन्त्रालयको च.नं. ४७३ मिति ०७७।०५।०२ गतेको पत्रवाट देहाय बमोजिमको व्यहोरा अवगत भयो ;

क. जिल्ला कोभिड-१९ संकट व्यवस्थापन समिति (DCCMC) बाट कोभिड-१९ को संक्रमण जोखिमको विश्लेषण गरी संक्रमण जोखिमको अवस्थामा संक्रामक रोग ऐन, २०२० को दफा २ को उपदफा (२) बमोजिम कोभिड-१९ को संक्रमण रोकथाम, नियन्त्रण तथा उपचारका लागि सम्वन्धित जिल्लाभरी वा जिल्लाको कुनै भागमा मात्र लागुहुने गरी आवश्यक व्यवस्था मिलाउन र सोको निमित्त आवश्यक्तानुसार स्थानीय प्रशासन ऐन, २०२८ बमोजिम अधिकार समेत प्रयोग गर्न सवै प्रमुख जिल्ला अधिकारीलाई मुकरर गरी अधिकार सुम्पने ।

ख. स्थनीय प्रशासन ऐन, २०२८ बमोजिम प्रमुख जिल्ल अधिकारीले कुनै स्थानमा निषेध गर्ने आदेश जारी गरेको अवस्थामा त्यस्ता स्थान भित्रका सबै सरकारी तथा सार्वजनिक कार्यालयहरु न्यूनतम मात्रामा कर्मचारी उपस्थित गराई कार्यालय संचालन गर्ने र सो बाहेकका अन्य कर्मचारीलाई सुरक्षित रुपमा घरबाटै सम्पादन गर्न सकिने तोकिएको कार्यहरु गर्ने (Work from) व्यवस्था सम्वन्धित कार्यालय, प्रमुखले मिलाउने ।

ग. सार्वजनिक आवागमन, पेसा व्यवसाय संचालन, अन्तर्राष्ट्रिय सीमामा आवतजावत, सबै प्रकारका बैठक, सेमिनार, गोष्ठी, तालिम, सम्मेलन, धार्मिक तथा सामाजिक क्रियाकलाप लगायतका विषयमा यसपुर्वका आदेशहरुद्वारा गरिएका व्यवस्थाहरु र जनस्वास्थ्य एवं सुरक्षाका मापदण्ड, क्वारेन्टीन तथा आईसोलेसन सम्वन्धी मापदण्ड, क्वारेन्टीन ट्रेसिङ सम्वन्धी मापदण्ड तथा अन्य व्यवस्थाहरु कोभिड-१९ रोकथाम, नियन्त्रण र उपचारको सम्वन्धमा संक्रामक रोग ऐन, २०२० बमोजिमको आदेशको अङ्ग भएकाले त्यस्ता सबै आदेश,मापदण्ड तथा व्यवस्थाहरुको पालना गर्ने गराउने कार्य कोभिड-१९ क्राईसिस म्यानेजमेन्ट सेन्टर (CCMC) र सम्वन्धित मन्त्रालय एवं निकायहरुले प्रभावकारी रुपमा गर्ने गराउने । कोभिड-१९ क्राईसिस म्यानेजमेन्ट सेन्टर (CCMC) र सम्वन्धित मन्त्रालयले सोको प्रभावकारी अनुगमन गर्ने । सो व्यवस्थाकव प्रतिकुल काम कारवाही भएमा सम्वन्धित प्रमुख जिल्ला अधिकारीले कानून बमोजिम तत्काल कारवाही गर्ने ।

५. कोभिड-१९ को संक्रमण जोखिम बढ्दै गएको सिरहाको हालको अवस्थालाई नियन्त्रित गरी जोखिम न्यूनीकरण गर्न २०७७।०४।३२ मा प्रमुख जिल्ला अधिकारी बाट जारी आदेश/सूचना- २०७७।०४।३२ को राति १२:०० देखि २०७७ भाद्र १५ को राती १२:०० बजे सम्म कडाईका साथ नियमन गर्ने सबै स्थानीय तह, उधोगी/ व्यवसायी तथा सुरक्षा निकाय समेतले समन्वयात्मक रुपमा काम गर्ने ।

६. होम आईसोलेन :

हाल संचालित आईसोलेसनको अटाउने संख्यात्मक क्षमता कम हुँदै गएको, नयाँ विस्तार गर्न केही समय लाग्ने सिरहा जिल्लाको हालको अवस्थालाई दृष्टिगत गरी होम आईसोलेसन व्यवस्थापन गर्नु पर्ने अवस्था आएमा देहाय अनुरुप गर्ने गराउने ;

कोभिड-१९ केशको आईसोलेसन व्यवस्थापन सम्वन्धि निर्देशिकाको पालना गर्ने गराउने । साथै देहाय अनुरुप गर्ने व्यवस्था मिलाउने ;

- नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय द्वारा जारी होम आईसोलेसनको मापदण्ड बमोजिम कुनै संक्रमित व्यक्ति/परिवार घरमै वस्न चाहेमा सम्बन्धित स्थानिय तहमा निवेदन सहित अनुसुची ५ बमोजिमको मञ्जुरिनामा दिनु पर्नेछ ।
- स्वास्थ्य र सुरक्षा मापदण्डको भरपर्दो व्यवस्था भएको छुट्टै घर, फलाईट शौचालय तथा स्नान गृह भएको हुनु पर्ने ।
- कोभिड-१९ पोजेटिभ भएको व्यक्ति " सामान्य " तहको भएको हुनु पर्ने, स्थानीय तहको स्वास्थ्य शाखा, स्वास्थ्य कार्यालय सरकारी तथा मान्यता प्राप्त अस्पताल वा स्वास्थ्यकर्मी सँग परामर्श गर्ने व्यवस्थापनको सुनिश्चितता हुनु पर्ने ।
- आकस्मिक स्वास्थ्य चेक जाँच तथा उपचार चाहिने अवस्थामा स्वयंले गाडी वा एम्वुलेन्सको व्यवस्थापन गर्नु पर्नेछ र सोको सुनिश्चितता शुरुमै गर्नु पर्नेछ।
- थप उपचार गर्नु पर्ने भएमा रेफर भई जानु पर्ने ।

- हाललाई मुटुको रोग, मधुमेह, दमको रोग, क्यानसर, किडनि सम्बन्धि रोग, क्षयरोग लगायतका दीर्घ रोगी भएका घरमा होम आईसोलेसन स्वीकृत हुने छैन ।
- साबुन पानी, मास्क, डिस्ईन्फेक्टेन्ट लगायत आवश्यक अन्य औषधि तथा औषधि जन्य सामाग्रीहरुको व्यवस्था स्वयंले गर्नु पर्नेछ र सोको सुनिश्चितता शुरुमै गर्नु पर्नेछ।
- घर परिवारमा सबै जनाले मेडिकल मास्कको प्रयोग गर्नु पर्ने ।
- घरमा होम आईसोलेसन भनी टाँस गर्ने ।
- निवेदकको माँग बमोजिम होम आईसोलेसनमा बस्न उपयुक्त रहे नरहेको पेश गर्न वडा अध्यक्ष, स्वास्थ्य शाखा प्रमुख र स्थानीय प्रहरी प्रमुख वा प्रतिनिधि सहितको ३ जनाको निरीक्षण समिति रहनेछ।
- निरीक्षण समितिको प्रतिवेदनको विश्लेषण गरि उपयुक्त रहेमा स्थानीय CCMC ले जिल्ला CCMC मा स्वीकृतिको लागि पठाउनु पर्नेछ ।
- मापदण्ड नपुगी होम आईसोलेसनमा बस्ने तथा बस्नको लागि सिफारिस गर्नेलाई संक्रामक रोग ऐन २०२० को प्रावधान अनुरुप कारवाहि हुनेछ ।

सो निवेदन उपर स्वास्थ्य कार्यालयले निर्णय लिई अनुमति दिईएमा तोकिएको अस्पताल/स्वास्थ्यकर्मी समेतको निगरानीमा होम आईसोलेसनमा वस्न दिईनेछ ।

यस सम्वन्धि जानकारी स्थानीय तह र नेपाली सेनाको गण, प्रहरीलाई समेतलाई दिई अभिलेख र प्रतिवेदन गर्नु पर्ने छ ।